# “मलाई नबिर्से मञ्जरी” कथामा अन्तर्पाठीयता

**सीता अधिकारी (थापा), (उपप्राध्यापक, नेपाली विभाग), महेन्द्र बहुमुखी क्याम्पस, धरान**
Email : adhikari.sitath@gmail.com

## लेखसार

प्रस्तुत लेख “मलाई नबिर्से मञ्जरी” कथामा अन्तर्पाठीयतासँग सम्बन्धित रहेर तयार पारिएको छ। यस कथामा अन्य पाठबाट विभिन्न पात्र र सन्दर्भ लिएर अन्तर्पाठीयताद्वारा परम्परागत आख्यान मान्यताको भञ्जन गर्दै नवीन अर्थ प्रस्तुत गरिएको छ। विनिर्माणको एउटा पद्धतिका रूपमा रहेको अन्तर्पाठीयताको सैद्धान्तिक मान्यताअनुसार कथामा अन्तर्पाठका रूपमा प्रस्तुत भएका सन्दर्भहरूको खोजी गरी तिनको विश्लेषण गरिएको छ। यस कथामा केकस्ता अन्तर्पाठीय सन्दर्भको प्रयोग गरिएको छ भन्ने मूल प्रश्नमा रही अध्ययनलाई अघि बढाइएको छ। कथामा प्रस्तुत साहित्यिक विषयका अन्तर्पाठीयताको स्थितिलाई चित्रण गर्नु अध्ययनको मुख्य उद्देश्य रहेको छ। त्यसैले कथामा अन्तर्पाठ प्रयोग भएका सन्दर्भको खोजी गरी तिनको पहिचान एवं विश्लेषण गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ। यस लेखमा पाठविश्लेषण विधिको प्रयोग गर्दै विभिन्न पुस्तक तथा अन्य स्रोतबाट सामग्री लिएर सैद्धान्तिक आधार निर्माण गरिएको छ। यस अध्ययनबाट कथामा प्रयुक्त काल्पनिक र यथार्थ पाठकबाट विभिन्न पात्र र सन्दर्भलाई लिएर अन्तर्पाठीयता प्रस्तुत गरिएको तथ्य प्राप्त भएको छ। अतः यस अध्ययनमा “मलाई नबिर्से मञ्जरी” कथामा अन्तर्पाठीय सन्दर्भको प्रयोगबाट परम्परित आख्यान लेखनको मान्यताको भञ्जनसहित विनिर्माण भएको भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

शब्दकुञ्जी : अधिपाठ, अन्तर्पाठीयता, लेखकीय वर्चस्व, पाठ, विनिर्माण।

Article's information : Manuscript received : 2024/08/27, Date of review : 2025/01/25, Date of manuscript acceptance 2025/05/16 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/vaikharivani.v2i2.79245
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2025 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

“मलाई नबिर्से मञ्जरी” रमेश क्षितिजको एउटा मायी नगरमा (२०८१) कथासङ्ग्रहमा सङ्कलित कथा हो। यस कथामा परम्परित कथालेखनका मान्यताभन्दा भिन्न शैलीमा लेखक र पात्रका सम्बन्धलाई विषयवस्तु बनाई समकालीन बहुल सन्दर्भलाई अन्तर्पाठका रूपमा प्रस्तुत गरिएको छ। यस कथाको मूल विषय आख्यानका पात्रको चरम असन्तुष्टि लेखकमाथि भौतिक आक्रमण, विद्रोहका साथै लेखकीय भूमिकामाथि पात्रका टीका–टिप्पणी प्रस्तुत गरिएको छ। लेखकले सिर्जना गरेका पात्रलाई मनोमानी ढङ्गले चित्रण गर्ने प्रवृत्तिलाई देखाउन काल्पनिक आख्यान निर्माणगरी तिनका लेखकले पात्रमाथि गरिएको ज्यादतिको प्रतिरोधमा अन्य अन्तर्पाठीय सन्दर्भहरू जोडिएको छ। त्यसमा नेपाली साहित्यमा चिरपरिचित पात्रहरू माधवी, सुम्निमा, सकम्बरी, मङ्गलेदेखि योगमाया, ताराजस्ता पात्रलाई जीवित उपस्थित गराई आख्यानमा लेखक, पात्र र पाठकबीचको सम्बन्धका बारेमा समीक्षा गराइएको छ। लेखकले पाठकीय संवेदना आकर्षित गरी लोकप्रियता बढाउने उद्देश्यले आफ्ना सिर्जनाका पात्रलाई नियन्त्रण गर्नाले उनीहरू रुष्ट बनेका छन् भन्ने निष्कर्ष निकालिइएको छ। यसै सन्दर्भलाई समकालीन यथार्थ र स्वैरकल्पनाको मिश्रणद्वारा अन्तर्पाठीयताका रूपमा प्रस्तुत गरिएको छ। परम्परित आख्यान रचनामा

पात्रहरू लेखकका सिर्जना भएकाले तिनलाई इच्छाअनुरूप जेजसरी पनि देखाउने छुट थियो । त्यसैले लेखकले तिनलाई अनन्त दुःखपीडा, गरिबी, अभाव, सङ्घर्षका श्रृङ्खलाबाट घिसार्दै कैयौँ पात्रलाई अकालमा मृत्युवरण गर्न बाध्य बनाइदिने लेखकका विरूद्धमा आवाज उठाइएको सन्दर्भ अन्तर्पाठ बनेको छ । पात्रलाई एकपक्षीय रूपमा गरिब, दुःखी, शारीरिक रूपमा दुर्बल, कमजोर, निरीह, परनिर्भर, लालची, झगडालु र चरित्रहीन देखाइएको भनी पूर्व पाठका विभिन्न पात्रहरूले त्यसको सङ्गठित विरोध जनाउँदै लेखकीय प्रभुत्वमाथि प्रश्न उठाइएको छ । यस कथामा लेखक र पात्रका बीचको अन्तद्र्वन्द्वका साथै नेपाली साहित्यका चर्चित आख्यानकृतिका पात्रलाई लेखकले दिएको भूमिकाप्रति आलोचनात्मक चेतनासहित असहमत रहेको सन्दर्भ कथ्यवस्तुमा आएको छ । यसमा नेपाली साहित्यका पुरानादेखि नयाँ विभिन्न लेखकका आख्यान कृतिका पात्रहरूका विचारलाई अन्तर्पाठका रूपमा समेटिएको छ । यस कथामा कथ्य र पात्र बहुलताका साथै चरित्रचित्रणमा नवीनता, कथाकथनमा भिन्न शैलीको प्रयोग गरिएको छ । त्यस्तै आख्यान लेखनमा पात्रचयनका सन्दर्भमा पुरातन दृष्टिकोण र लेखकीय नियन्त्रणबाट उन्मुक्त समय सान्दर्भिक परिवर्तन ल्याइनु पर्ने विचार सारवस्तुका रूपमा प्रस्तुत छ । एउटै कथाभित्र यथार्थ र कल्पनाको सम्मिश्रण, अधिआख्यान लेखनको उत्तरआधुनिक आख्यान प्रविधिको प्रयोगका साथै अन्तर्पाठीयताका कारण यस कथामा विनिर्माणिक चेतना रहेको पाइन्छ । त्यसैगरी ‘‘मलाई नबिर्से मञ्जरी’’ को पात्रविधानमा रहस्यात्मकता, स्वैरकल्पना, प्रतीकात्मकता, काव्यिक भाषाको प्रयोग आदिले कथालाई बहुल कोणबाट अध्ययनीय बनाएको भए पनि हालसम्म यसका बारेमा अध्ययनको रिक्तता देखिएको छ । अतः यसै रिक्ततामा रहेर यस लेखमा कथाको अन्तर्पाठीयताको सैद्धान्तिक मान्यताका आधारमा अध्ययन गरिएको छ ।

अन्तर्पाठीयता उत्तरसंरचनावादका सैद्धान्तिक आधारमा विकसित भएको नवीन समालोचना सिद्धान्त हो । साहित्य समालोचनाका क्षेत्रमा ‘अन्तर्पाठीयता’ ९क्ष्लतभचतभहतगबष्तिथ० शब्दको प्रथम प्रयोक्ता जुलिया क्रिस्टेभा हुन् । उनले साहित्यिक पाठको अन्य पाठसित रहने अन्तरनिर्भरताको अवस्थालाई बुझाउनको लागि यस ‘अन्तर्पाठीयता’ शब्दको प्रयोग गरेकी हुन् । उनले सन् १९६० को दशकमा पूर्ववर्ती स्वीस भाषाशास्त्री फर्डिन्यान्ड डी सस्युर र रूसी भाषाविद् मिखाइल बाख्तिनका भाषा र साहित्यसम्बन्धी अवधारणाको संयोजन गरी अन्तर्पाठीयताको सिद्धान्त विकसित गरेकी हुन् ९एलेन, सन् २००७, पृ.३) । क्रिस्टेभाका अनुसार हरेक पाठ पहिले नै अस्तित्वमा रहेका पाठहरूबाट निर्मित हुन्छ । कुनै पाठभित्र रहने सामाजिक, सांस्कृतिक, मानवीय, त्यसअघि लेखिएका साहित्यिक र गैरसाहित्यिक अन्य पाठहरू अन्तर्पाठ हुन् । पाठभित्र रहने सन्दर्भ, लेखकका, पात्रका, पाठकका आशय, बुझाइ, सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिकलगायत विभिन्न क्षेत्रको पृष्ठभूमि आदिलाई पनि अन्तर्पाठका रूपमा लिइन्छ । यस्तै कुनै पाठमा अन्तर्पाठको प्रयोग रहेको अवस्था अन्तर्पाठीयता हो र यस सिद्धान्तले साहित्यका कुनै पनि पाठ अन्तर्पाठीयताबिना पूर्ण नहुने मान्यता राखेको पाइन्छ । यस आधारमा प्रस्तुत ‘‘मलाई नबिर्से मञ्जरी’’ कथामा अन्तर्पाठीयताको प्रयोगले विनिर्माणिक चेतना देखिएको छ ।

लेखमा ‘‘मलाई नबिर्से मञ्जरी’’ कथामा साहित्यको अन्तर्पाठीयता अभिव्यक्त भएका सन्दर्भ केकस्ता छन् र विवेच्य कृतिमा अन्तर्पाठीयताको प्रस्तुतिको प्रयोजन के हो भन्ने प्रमुख प्राज्ञिक समस्या निर्धारण गरी तिनको समाधान गर्ने मूल उद्देश्य राखिएको छ । साहित्यिक रचनामा साहित्यिक र साहित्येत्तर यस्ता अन्तर्पाठको बहुल प्रस्तुति रहने हुँदा साहित्यिक पाठको अध्ययन अन्तर्पाठीयताको सिद्धान्तका आधारबाट गर्न सकिने देखिन्छ । नेपाली कथाका क्षेत्रमा नवीन प्रयोगका रूपमा रहेको ‘‘मलाई नबिर्से मञ्जरी’’ कथाको अन्तर्पाठीयताको सैद्धान्तिक आधारमा अध्ययन नभएकाले पनि यसले प्राज्ञिक महत्त्व राख्ने देखिन्छ । यसैले ‘‘मलाई नबिर्से मञ्जरी’’ कथाको अन्तर्पाठीय अध्ययनका क्षेत्रमा देखिएको प्राज्ञिक रिक्तताको परिपूर्तिका निम्ति प्रस्तुत लेख तयार पारिएको हो । अन्तर्पाठीयताले समेट्ने क्षेत्र व्यापक भएका कारण यसमा मूलतः साहित्य विषयलाई

अन्तर्पाठका रूपमा प्रयोग गरिएका सन्दर्भको अन्तर्पाठीय अध्ययन गरिएको छ । यसर्थ यस लेखमा विवेच्य "मलाई नबिर्से मञ्जरी" कथामा प्रस्तुत साहित्यिक विषयका अन्तर्पाठको मात्र विश्लेषण गरी सामान्य निष्कर्ष दिइएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ । यसका लागि आवश्यक अध्ययन सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएको छ । "मलाई नबिर्से मञ्जरी" कथा यस अध्ययनको प्राथमिक सामग्री हो भने अन्तर्पाठीयताका सैद्धान्तिक मान्यता प्रस्तुत गर्ने तथा यस कथाको व्याख्या, विवेचना गरिएका समालोचनात्मक कृतिहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यस अध्ययनमा मूलतः विवेच्य कथामा साहित्यिक विषयका अन्तर्पाठ प्रस्तुत भएका उद्धरणलाई तथ्यका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी प्राप्त सामग्रीको विश्लेषण गरिएको प्रस्तुत अध्ययनमा गुणात्मक प्रकृतिको रहेको छ ।

## सैद्धान्तिक आधार

अन्तर्पाठीयता भनेको कुनै पाठमा त्यसभन्दा पहिलेका स्थापित पाठहरूको अर्थपूर्ण संलग्नता हो । अन्तर्पाठीयतालाई विनिर्माणको महत्त्वपूर्ण प्रवृत्तिका रूपमा लिइन्छ । एउटा पाठभित्र अर्को पाठको प्रविष्टि र खोजी अन्तर्पाठीयता हो । यसले हरेक कृतिहरू पूर्वपाठका पुनर्पाठ वा उत्तर पाठ हुन् र एउटा पाठ अनेक पाठहरूको जन्जालभित्र पसेको हुन्छ भन्ने मान्यता राख्छ (गौतम, २०७०, पृ. ३४१) । अन्तर्पाठीयताको मान्यताअनुसार कुनै पनि पाठ लेखकको नितान्त मौलिक सिर्जना हुन सक्तैन र त्यसमा पहिले नै अस्तित्वमा रहेका पाठहरूको जोडजाड रहन्छ । यसरी पाठलाई अन्य पाठांशबाट जोडिएर संरचित हुन्छ भन्ने अन्तर्पाठीयताको मान्यतालाई विनिर्माणले ब्रिकोलाज प्रवृत्तिको रूपमा व्याख्या गर्दछ । अन्तर्पाठीयताले कुनै पनि पाठ आफैँमा पूर्ण नहुने भएकाले कतिपय अग्रज पाठको प्रभाव वा सहयोग लिएर त्यसको निर्माण भएको हुन्छ भन्ने मान्यता राखेको पाइन्छ ।

अन्तर्पाठीयता पाठसँग सम्बद्ध रहेको हुन्छ । 'पाठ' वा 'टेक्स्ट' भन्नाले सामान्यतया कुनै खास विषय वा सन्दर्भ लिएर पृष्ठमा लेखिएका केही शब्दहरूको समूहबाट निर्मित संरचना बुझिन्छ । साहित्य सिद्धान्तमा 'पाठ' भन्नाले अध्ययन गर्न मिल्ने कुनै वस्तु हो । पाठ चिह्नहरूको सुसङ्गत समूह हो जसले कुनै न कुनै प्रकारको सूचना वा सन्देश प्रस्तुत गर्छ । रोलाँ बार्थले 'द डेथ अफ अथर'(सन् १९६८) निबन्धमा हरेक पाठ बहुल लेखनबाट बनेको हुन्छ, त्यसमा विभिन्न संस्कृतिबाट लिइएका संवाद, व्यङ्ग्य, विवाद आदिको परस्पर सम्बन्ध रहेको हुन्छ भनेका छन् । उनका अनुसार पाठमा अन्तर्पाठका रूपमा अनगिन्ती सङ्कथनहरू तथा पहिल्यै अस्तित्वमा रहेका अर्थ पनि रहेका हुन्छन् (एलेन, सन् २००७, पृ. ६७) । यसबाट अर्थको द्योतन गर्ने सबै वस्तु पाठ हुन् । जुलिया क्रिस्टेभाका अनुसार पाठ भन्नाले वाङ्मयका हरेक लेखन पाठ हुन्, हरेक विषयका लेखन पाठ हुन् र हरेक पाठ अन्तर्पाठ हुन् (क्रिस्टेभा, सन् १९८०, पृ. ३६) । उनले साहित्यिक पाठमा जेनोटेक्स्ट र फेनोटेक्स्टको अन्तर्पाठीयता मध्ये जेनोटेक्स्ट साङ्केतिकता अचेतनबाट उत्पन्न हुने विविध वृत्तिका ऊर्जाहरूबाट बन्ने भाषाको भूमिगत उपकरण हो । यो नै भाषाको मुख्य आधार हो । भाषामा यसको अनिवार्य उपस्थिति हुन्छ तर छुट्याउन सकिँदैन भन्ने उनको मत छ (रेग्मी, २०७७, पृ. ३७) । अन्तर्पाठीयताको सिद्धान्त मिखायल बाख्तिनको साहित्यिक भाषासम्बन्धी मान्यतामा आधारित देखिन्छ । बाख्तिनका अनुसार सामाजिक व्यक्ति नै भाषा प्रयोक्ता अर्थात् वक्ता भएकाले बोल्ने क्रममा उसले केवल भाषाको अमूर्त संरचनाका साथै समाजसित सरोकार राख्ने भाषिक संस्कृतिभित्र भएका विविध र गतिशील सङ्कथनलाई पनि

प्रस्तुत गरेको हुन्छ । ती सङ्कथनले खास समय र स्थानमा बोलिएको कुरालाई मात्र नभई खास शैली, शिल्प, भावना वा संवेदनालाई प्रस्तुत गर्ने ध्वनि, भावुकता, वक्ताको भित्री आशय आदिलाई पनि प्रस्तुत गर्दछन् (जुपा, सन् २००९, पृ.१२४) । त्यस्तै अन्तर्पाठीयताको सन्दर्भमा अधिआख्यानको पनि संलग्नता रहेको हुन्छ । यसमा आख्यानात्मक पद्धतिको परीक्षण गरेर, सिद्धान्त र समालोचनालाई मिलाएर, काल्पनिक लेखकको जीवनगाथा सिर्जना गरेर तथा काल्पनिक पात्रको आख्यानात्मक छलफल गरेर पाठमा अन्तर्पाठीयता सिर्जना गरिन्छ ।

जेनेटका अनुसार कुनै एउटा पाठको सम्बन्ध अर्को पाठमा रहनु अधिपाठ हुनु हो । कुनै पाठको सन्दर्भ, पात्र, परिवेश वा कुनै पनि अंश लिएर अर्को पाठ रचना हुनु, अन्य पाठको प्रयोग गरी प्यास्टिच वा प्यारोडी निर्माण गर्नु पनि अन्तर्पाठ हो (जेनेट, सन् १९९७, पृ.) । अग्रज पाठहरूलाई विभिन्न तरिकाले अनुज पाठमा सारेर अन्तर्पाठको निर्माण गरिएको हुन्छ । पाठको परिमार्जनद्वारा पाठका अनावश्यक लागेका अंशलाई सच्याएर आवश्यक मात्र राखेर, उच्छेदन गरेर, घटाएर, विस्तार गरेर वा अन्य तरिका अपनाएर पाठको रूपान्तरण गर्न सकिन्छ । । त्यस्तो स्थिति पनि अन्तर्पाठीयता नै हो । त्यस्तै पाठविस्तार गरेर वा थपेर र सङ्क्रमित पारेर अधिपाठ बनाउन सकिने तथा कुनै पात्रलाई रूपान्तरण गरेर पनि अन्तर्पाठ बनाउन सकिन्छ (एलेन, सन् २००७, पृ.११०)। यसले कतिपय आख्यानात्मक पाठमा अधिआख्यानात्मकता पनि अन्तर्पाठका रूपमा प्रस्तुत हुन सक्ने देखिएको छ

उल्लिखित विभिन्न तरिकाको अन्तर्पाठलाई कृष्ण गौतमले अन्तर्पाठीयताका प्रकार अन्तर्गत राख्दै जिनेटको भन्दा फरक तरिकाका अन्तर्पाठीयता पनि प्रस्तुत गरेका छन् । विनिर्माण सिद्धान्तका अमेरिकी व्याख्याता ह्यारोल्ड ब्लुमले हरेक अनुज लेखकको अग्रज लेखकसित इडिपस घृणा उत्पन्न हुने बताएका छन् (गौतम, २०५९, पृ. ३३२) । उनको भनाइको आशय अग्रज लेखकले नलेखेको कुनै विषय, क्षेत्र आदि बाँकी नरहेकाले हरेक पछिल्लो लेखकले अघिल्लो लेखनबाट केही न केही लिएर सिर्जना गर्नुपर्ने हुन्छ । अनुज लेखकले अग्रज लेखकप्रति ईर्ष्या गर्दै फरक बन्ने सन्दर्भमा गरिएको विरोधले पनि अन्तर्पाठ निर्माण हुन्छ । ब्लुमको यस सिद्धान्तको अन्तर्यमा प्रत्येक पाठ अन्तर्पाठ हो भन्ने आशय रहेको देखिन्छ । यसले पाठलाई विनिर्मित गर्ने हुनाले अन्तर्पाठीयता विनिर्माणको एउटा पक्ष हो । उत्तरसंरचनावादले साहित्य लेखनको कुनै निश्चित विषय हुँदैन भन्ने मान्यता राख्दछ । मिखाइल बाख्तिन, रोलाँ बार्थ, जुलिया क्रिस्टेभा, जेरार्ड जिनेट र हेराल्ड ब्लुम सबैले साहित्यिक पाठलाई अन्तर्पाठका रूपमा हेरेका छन् । यसले जुनसुकै विषय वा क्षेत्रलाई लेखनको आधार सामग्री बनाउन सक्छ । ती विषयक्षेत्रलाई प्रस्तुत गर्ने क्रममा लेखकले आफ्नो उद्देश्यको परिपूर्तिका लागि, पाठकमा बढी प्रभाव पार्नका लागि, अर्थगत विस्तार र गहनताका लागि, विनिर्माण र विपरिचितीकरणका लागि अन्य विषयक्षेत्रका सन्दर्भ, सिद्धान्त, अवधारणा, मान्यता, पारिभाषिक शब्द, परिभाषा आदिलाई मिसाउन सक्छ । लेखकले कृतिमा प्रत्यक्ष तरिकाले समाख्याता र पात्र प्रयोग गरेर वा यिनको प्रयोग नगरीकनै अप्रत्यक्ष तरिकाले सामाजिक, सांस्कृतिक, वैचारिक स्थितिलाई प्रस्तुत गर्न सक्छ । ती पनि साहित्यिक कृतिमा अन्तर्पाठ बनेर प्रस्तुत भएका हुन्छन् । साहित्यिक पाठको निर्मिति अनौपचारिक भाषाको प्रयोग, रूपगत विचलन, विपरिचितीकरण, लय, अनुतान, समानान्तरता, अग्रभूमीकरण, पात्रका आशयहरू, सोच, व्यवहार, दृष्टिकोण, अनुभवबाट हुने हुनाले हरेक साहित्यिक पाठ अन्तर्पाठको रूपमा रहेको हुन्छ । अन्तर्पाठीयताका आधारमा साहित्यिक पाठको अध्ययन गर्दा पाठमा भएका यिनै सन्दर्भको खोजी गरी तिनको विश्लेषण गर्न सकिन्छ । प्रस्तुत लेखमा "मलाई नबिर्से मञ्जरी"

कथाका पूर्व पाठसँगको सम्बद्धता र अन्य विधासँगका सम्बद्धता भएका सन्दर्‌भको खोजी गरी अन्तर्पाठीयताको अध्ययन गरिएको छ ।

**प्राप्ति र छलफल**

"मलाई नबिर्से मञ्जरी" कथामा काल्पनिक लेखकको गाथा सिर्जना गर्दै कथाको विषयवस्तु तयार गरिएको छ । यसैगरी नेपाली साहित्यमा नाम कहलिएका साहित्यकारहरूका आख्यान कृतिका विभिन्न पात्रका साथै काल्पनिक पात्रको छलफल गरी कथामा अन्तर्पाठीयताको सिर्जना गरिएको छ । यसमा आख्यानकार बलराम वनवासीलाई काल्पनिक लेखकको रूपमा उभ्याएर उनकै सुनसान बस्ती उपन्यास र रातमा जून कथाका पात्रहरूमार्फत यस कथामा अन्तर्पाठको लागि आधार बनाइएको छ । यस कथामा प्रस्तुत घटनासन्दर्भ यसप्रकार छन् :

१. आख्यानकार बलराम वनवासी सुनसान बस्ती र रातमा जून का पात्रहरूले लेखकलाई आक्रमण गर्नु,

२. लेखकमाथि पात्रको आक्रमणको निन्दा गर्दै प्रहरीमा उजुरी दिन जाँदा आक्रमणकारीको हुलिया बताउन नसक्दा उल्टै लेखक खोरमा थुनिनु,

३. पूर्वपाठका पात्रहरू बैठक बसेर लेखकीय भूमिकाप्रति समीक्षा गर्दै विश्वसनीयतामाथि टिप्पणी,

४. यसको विरोधमा लेखक, प्रकाशक, समालोचकहरूको भेलामा लेखक र पात्रको सम्बन्ध र विषयको संवेदनशीलतामा गम्भीर छलफल,

५. जेलभित्र लेखकले थुनुवा पात्रको जीवन कहानी सुन्नु र त्यसलाई कथामा उतार्ने विचार राख्दा पात्रले विरोध गर्नु (अधिकथाको रचना),

६. नेपाल प्रज्ञा प्रतिष्ठानको साहित्यिक भूमिकामाथि प्रश्न तथा स्वतन्त्र साहित्यिक संघसंस्थाको बढ्दो क्रियाशीलताको चर्चा,

७. लेखकमाथि आक्रमण गर्ने कृतिका पात्रको वास्तविकताको खोजी,

८. लेखकको सट्टा कृत्रिम बौद्धिकता (एआइ) को प्रयोग गरी साहित्यलेखनको सुरुवात् हुनथालेको चर्चाले लेखकीय अस्तित्वमाथि सङ्कटको सङ्केत,

८. समकालीन लेखनमा पात्रहरूप्रति संवेदनशील र उत्तरदायी बन्न लेखकलाई सचेत गराउँदै नयाँ आख्यान तयार पार्नु ।

उपर्युक्त कथ्यवस्तुमा संरचित "मलाई नबिर्से मञ्जरी" कथामा काल्पनिक पाठसँगको अन्तर्पाठीयता र पूर्वपाठसँगको अन्तर्पाठीयताको प्रयोग गरिएको देखिन्छ ।

प्रस्तुत कृतिमा प्रयोग गरिएको अन्तर्पाठीयताको विश्लेषण तलका सन्दर्भमा गरिएको छ ।

**कथामा काल्पनिक पाठसँग सम्बद्ध अन्तर्पाठीयता**

प्रस्तुत "मलाई नबिर्से मञ्जरी" कथामा यसमा काल्पनिक र यथार्थ पाठका पात्रहरू र सन्दर्भ अन्तर्पाठका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा कथाभित्र पूर्व पाठका पात्र र घटनाका प्रस्तुतिका क्रममा आख्यानकार बलराम वनवासीलाई

प्रमुख पात्र बनाइएको छ । कथामा अन्तर्पाठीयताको सन्दर्भलाई प्रस्तुत गर्न काल्पनिक आख्यानकारका पात्रद्वारा घटनाको पृष्ठभूमि तयार पारिएको छ । समसामयिक वस्तु यथार्थलाई प्रस्तुत गर्नका लागि आख्यानकार वनवासीका सुनसान बस्ती र रातमा जून आख्यान कृतिका आलोक, मञ्जरी, बूढी आदि पात्रका हाँकलाई अन्तर्पाठका रूपमा लिइएको छ । यस कथाको आरम्भमा उनका उनैले सिर्जना गरेका आख्यान (उपन्यास र कथा)का पात्रहरूले हुल बाँधेर आक्रोसित हुँदै बाटो छेकेर मुक्का प्रहार साङ्घातिक आक्रमण गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । किन र कसले आक्रमण गर्दैछ भनेर अन्योलमा परेका लेखकमाथि आक्रमणको कारण अनुसन्धान गर्दै जाँदा कृतिमा आफूखुसी पात्रलाई प्रस्तुत गर्ने लेखकको परम्परित शैली पात्रलाई मन नपरेकाले विद्रोह गरिएको देखाइएको छ । यसरी लेखकमाथि पात्रको आक्रमण लेखकले आफ्ना पात्रको निर्माण गर्ने परम्परित लेखन प्रक्रियाको विपरीत रहेको छ । आफूलाई आक्रमण गर्ने को हुन् ? भन्ने नचिन्दै भागेका ती पात्रहरूलाई अनुसन्धान गर्दा लेखककै आख्यानका आलोक, मञ्जरी र बूढीले हामी लेखकका पूर्व कृतिका पात्र हौँ; तिमीले हामीलाई पाठमा किन दुःखी, गरिब, कमजोर, असहाय बिचराका रूपमा, शोषित पीडित र खल पात्र बनाइएको हो ? अनाहकमा मारिएको हो भनेर आक्रोसित  प्रश्न उठाउँछन् ।

आख्यानकार वनवासीलाई मुक्का प्रहार गर्ने "सुनसान बस्ती" उपन्यासको पात्र आलोकलाई रहस्यमयी पात्रका रूपमा चित्रण गरिएको सन्दर्भ कथामा अन्तर्पाठका रूपमा प्रस्तुत छ । उपन्यासमा आफैँले जन्माएको पात्र आलोकले आफ्नो भूमिकाप्रति असहमत हुँदै लेखकसँग विद्रोह गरेको सन्दर्भ यसरी आएको छ : "ए, आफैँले सृजना गरेको पात्रलाई चिन्दैनौ ? यो अनुहारमा कोठी कसले राखिदिएको ? यो लामो कपाल कसले बनाइदिएको ? "सुनसान बस्ती" उपन्यासको भरमार दुःख पाउने 'आलोक' भन्ने पात्र बिर्सियौ ?" (क्षितिज, २०८१, पृ. २४२) । यहाँ "सुनसान बस्ती" उपन्यासको पात्र आलोकको लेखकप्रति प्रतिरोधका सन्दर्भलाई अन्तर्पाठ गरिएको छ । त्यस्तै लेखकले कृतिमा पात्रको सिर्जना गरेर तिनलाई इतिहासमा बँचाएको भन्ने मान्यताको पनि खण्डन गरिएको छ : "त्यसो भनेर हुन्छ ? तिमीले उपन्यासभरि मलाई दुःखी र गरिब बनायौ अनि अन्त्यमा मेरो हत्या गर्‍यौ ।" (पृ.२४३) । यस कथांशमार्फत पात्रको हत्या गर्ने लेखकीय सर्वेसर्वा र विवेकमाथि प्रश्न उठाइएको छ । लेखक र प्रकाशकले बजारको माग भन्दै व्यापारिक फाइदाका लागि जथाभाबी कृतिका पात्रलाई दुःख, अभाव र पीडामा पिल्स्याउने अनि निर्ममतापूर्वक मारेर लोकप्रियता र पाठकीय सहानुभूति बटुल्ने प्रवृत्तिको विरोध गरिएको छ । यसबाट कृतिमाथि रहने लेखकीय वर्चस्वको केन्द्र वा मनोमानीप्रति विद्रोहले उत्तरआधुनिक मान्यता केन्द्रविघटनका साथै अन्तर्पाठीयता प्रस्तुत गरिएको छ । उपन्यासमा लेखकले सिर्जना गरेको पात्र आलोक कथामा रहस्यमयी चरित्रको सन्दर्भ देखिएको छ । आफूलाई मायी नगरको बासिन्दा बताउने ऊ रहस्यमय कम्पनीले कृत्रिम बौद्धिकताबाट निर्मित यन्त्रमानवका रूपमा चिनाउँछ भने लेखकमाथि किन आक्रमण गरेको भनी सोध्दा—

> उपन्यासमा मेरो नाम भएको त्यो युवक सङ्घर्षशील, प्रगतिशील र उमङ्ग बोकेको हुनुपर्थ्यो भन्ने मलाई लाग्यो । तर ऊ त दुःखी र निरास रहेछ । उमेर नपुग्दै बीचमा नै मारिएको रहेछ लेखकबाट । मलाई लेखकसँग भेट्ने कमान्ड थिएन तर अचेल हामी सोच्न सक्छौँ र यो मेरो व्यक्तिगत निर्णय हो । मेरो आक्रमण गर्ने उद्देश्य छैन । म शान्तिप्रेमी मानव हुँ (पृ.१५८)।

कथामा पात्रलाई निर्जीव ठानेर लेखकले मनलाग्दी उतार्नुको सट्टा सजीव चेतनशील बनाउनु लेखकीय दायित्व हो । त्यस्तै एउटै पात्र आलोक लेखकले निर्माण गरेको कथाको पात्र र कम्पनीबाट निर्मित यन्त्रमानव अनि आक्रमणकारी र शान्तिप्रेमीको रूपमा

देखिनु विरोधाभासी चरित्र हो । प्रस्तुत अन्तर्पाठीय सन्दर्भमा देखिएको चारित्रिक विरोधाभासले कृतिलाई विनिर्माण गर्दै द्विचरको भञ्जन गरेको छ । यहाँ वास्तविक पात्र/कृत्रिम पात्र तथा आक्रमणकारी/शान्तिप्रेमीको द्विचरलाई यस सन्दर्भले भञ्जन गरेको देखिन्छ । साहित्यमा मानवीय स्वभाव र प्रवृत्तिको यथातथ्य प्रस्तुति हुनुपर्छ भन्ने यथार्थवादी मान्यता यस सन्दर्भमा अन्तर्पाठ भएको देखिन्छ । यहाँ उक्त समालोचनात्मक मान्यतामा लेखकले सदियौँदेखि पात्रलाई आफ्ना आकाङ्क्षा र सोचाइको बोझ बोकाएकोप्रति अन्तर्यमा व्यङ्ग्य गरिएको छ । अचेतनमा दबिएका विचारलाई पनि लेखकले विभिन्न किसिमले पात्रमार्फत् पुस्तकमा प्रस्तुत गर्न सक्दछ भन्ने आशयलाई व्यक्त गर्नु यस अन्तर्पाठको उद्देश्य रहेको छ ।

अन्तर्पाठीयताको रूपमा वनवासीकै "रातमा जून" कथाकी नारीपात्र मञ्जरीको पुनरावृत्तिको सन्दर्भलाई पनि प्रस्तुत गरिएको छ । यस कथाकी पात्र मञ्जरीको पनि नारीलाई हेर्ने लेखकको पुरातनवादी दृष्टिकोणप्रति गुनासो रहेको छ । त्यसैले रचनामा सामाजिक विषयवस्तुको यथार्थ चित्रण गर्ने तथा पाठकका संवेदनालाई छुने नाममा पात्रका इच्छाविरूद्ध उभ्याउने प्रवृत्तिको मञ्जरीद्वारा विरोध गरिएको छ : "मलाई पनि चिनेनौ होला लेखक ! तिमीले कम यातना दिएनौ मलाई ! मेरो स्वतन्त्रता छैन ? के मलाई खुशी हुने अधिकार छैन ? के म पुरुषको दास भएर बाँच्न अभिशप्त छु ?" (पृ.२४३) । त्यस्तै लेखकहरूका बारेमा उसको आरोप छ : "पितृसत्तात्मक सोचले गर्दा उनीहरू महिलालाई कमजोर देखाउँछन् । सानैमा त्यही मानसिकतामा हुर्केकाले लेखनमा या व्यवहारमा त्यो आइहाल्छ । किताबमा निकै करुणामयी देखिनेहरू व्यवहारमा निर्दयी भएको मैले कति देखेको छु कति !" (पृ. २५६)। उपर्युक्त साक्ष्यमा नारी अधिकार र चेतनाप्रति कथाकारको सङ्कुचित दृष्टिप्रति आक्रोस व्यक्त गर्दै प्रश्न गरिएको छ । नारी पनि एक स्वतन्त्र व्यक्ति हो र उसको पनि जीवन बाँच्ने अधिकार हुन्छ भन्ने कुरामा लेखकको ध्यान नपुग्नु विचारणीय पक्ष रहेको छ :

> तिमी पुरुष हौ । तिमीले सृजना गर्ने पात्र पनि त्यही मानसिकताले भरिएका हुन्छन् । तिमीहरूको मानसिकता स्त्रीलाई कसरी प्रयोग गरूँ र बिछ्यौनामा पुर्‍याऊँ भन्नेबाहेक केही हुँदैन । डिभोर्सपछि म कमजोर भएको, आर्थिक स्थिति खस्किएको र पश्चाताप गरिरहेको तिमीले कसरी लेख्न सक्यौ, जबकि त्यसपछि म खुला आकाशको पन्छीजस्तो भएँ जीवन त्यति सुन्दर छ भन्ने कुरा मलाई पहिले थाहा थिएन । जेजे भोग्न मन लाग्छ, त्यसपछि भागेकी हुँ मैले ।(पृ.२४४)

प्रस्तुत सन्दर्भमा पितृसत्तात्मक समाजका अधिकांश लेखकको सङ्कीर्ण मनस्थितिलाई प्रस्तुत गरिएको छ । पूर्वपाठमा लोग्नेसँग सम्बन्धविच्छेद गरेर बसेकी नारी पात्रको भावना र यथार्थ लेखकले बु√न नसकेको सन्दर्भ आएको छ । आत्मनिर्भर र खुसी एकल महिला मञ्जरीले लेखकका बारेमा आरोप लगाएको सन्दर्भको अन्तर्पाठ कथामा प्रस्तुत गर्दै परम्परित अर्थको भञ्जन भएको छ । परम्परित कथालेखनमा नारी पात्रका केवल बाह्य सौन्दर्यको बयान अनि पितृसत्ताका अधीनस्थ पराश्रित, कमजोर, दुःखी, पुरुषको यौनदासीजस्तो विवश चरित्र देखाउने प्रवृत्तिलाई विरोध गरिएको छ । उसकै चरित्रलाई पुनर्लेखन गर्दै वनवासीद्वारा अर्को उपन्यास तयार पारिएको सन्दर्भ उल्लेख गरिएबाट मञ्जरी पात्र कथामा अन्तर्पाठीय देखिएकी छ । त्यस्तै पात्रलाई सासूका रूपमा लालची, छोराबुहारीको घर बिगार्ने, अल्छी दुच्छर चरित्रका देखाइने परम्परित मान्यताप्रति लेखकसँग गुनासो रहेको देखिन्छ : "तिमीले त मलाई सम्पत्तिको लालच गर्ने, छोरा बुहारीको घर बिगार्ने, अल्छी बूढीको रूपमा उभ्यायौ । बिक्छ भनेर जे पनि किन लेख्छौ ? समाजलाई बाटो देखाउने कुरा लेखेको खोइ ?"(पृ.२४४)। यसमा लेखकले पात्रका वैयक्तिक स्वतन्त्रताको ख्याल नगरी नकारात्मक चरित्रचित्रण गर्ने पूर्व पाठका यस्ता सन्दर्भ र पात्रको प्रयोगले घटनालाई अग्रभूमीकरण गर्दै यस सन्दर्भले कृतिगत सन्दर्भलाई अझ विस्तार गरेको छ ।

"मलाई नबिर्से मञ्जरी" कथामा आख्यानका पात्रले लेखकमाथि आक्रमण गरेपछि यसका पक्ष–विपक्षमा मतहरू देखिन्छन् । अप्रत्यासित सो घटना अन्य लेखकमाथि पुनः नदोहोरियोस् भन्नाका खातिर पुलिसमा उजुरी दर्ता गराउने सुझाव मिल्छ । जाहेरीमा आक्रमणकारीको परिचय, ठेगाना स्पष्ट बताउन नसक्दा प्रहरीले उल्टै आख्यानकारलाई नै थुनामा राखेको बेला भेटेका अनेक पात्रमध्ये अनुराग र उपासनाको कथा अधिआख्यानका रूपमा आएको छ । एकतर्फी प्रेममा पर्दा धोका पाई चोरको अभियोगमा जेलमा पुगेको पात्र अनुरागको कथा अधिपाठ बनेको छ । उसले अनुराग पात्रको जीवनलाई आधार बनाएर बनाएर कथा लेख्न चाहेको कुरा बताएको छ । पात्रसित लेखकको संवाद प्रस्तुत गरिएकाले यस सन्दर्भमा अन्तर्पाठीयताको प्रस्तुति भएको छ । यसले सन्दर्भले कथामा प्रस्तुत अधिपाठलाई गति प्रदान गर्दै यथार्थ र कल्पनाको द्विचर भञ्जन गरेको पाइन्छ । कुनै पनि आख्यान लेखकले कोही कसैको जीवन वा कुनै घटना आदिलाई कतै न कतै सिर्जनाको आधार बनाएको हुन्छ भन्ने विषयलाई अन्तर्पाठका रूपमा प्रयोग गरिएको छ । लेखकले समयसान्दर्भिक आफूलाई परिवर्तन नगर्दा उनीहरूप्रति पात्रको विश्वसनीयता र पात्रप्रति पाठकमा शङ्का उत्पन्न हुँदै गएको सन्दर्भ प्रस्तुत गरिएको छ :

> "तपाईँ लेखक भन्ने थाहा पाएको भए म आफ्नो कथा नै सुनाउने थिइनँ वनवासी दाइ ! प्लिज मेरो कथा कतै नलेख्नु होला !"...
>
> "लेखकहरूले मानिसको निजी जीवनका कथाहरू बजारमा बेचिदिन्छन् । मानिसका आफ्ना कति रहस्यहरू यस्ता मूल्यवान् हुन्छन् कि त्यो कसैलाई भन्दा आफ्नो सम्बन्धको, वैयक्तिकताको वा प्रेमको अवमूल्यन हुन्छ । कति रहस्यहरू यो संसारमा कसैलाई पनि नभनी आफूसँगै लैजानुपर्ने खालका हुन्छन् ।" (पृ. २५०) ।

उपर्युक्त कथन जेलमा अनुरागले सुनाएको कथालाई आख्यानकार वनवासीले अर्को कथा बनाउँछु भनेको सन्दर्भमा आएको हो । आख्यानकारले कथामा जे सोचेर विषयवस्तु र चरित्रलाई प्रस्तुत गर्छ, तर वास्तविकता त्योभन्दा फरक हुने तथ्य पनि महत्त्वपूर्ण हुन्छ भन्ने देखाइएको छ । यसले कथामा विषयको अन्तर्पाठ कसरी हुन्छ भन्ने पनि देखाएको छ । आख्यान लेखकको ज्यादतीविरूद्ध कृतिका काल्पनिक पात्रलाई प्रत्यक्ष भेट गराई पाठमा अर्को पाठको सन्दर्भ समाविष्टि हुनु पनि अन्तर्पाठीयताको पद्धति हो ।

साहित्यिक अन्तर्पाठीयता रहेको मूल कथामा पात्रको पिटाइ खाने काल्पनिक आख्यानकार वनवासी "मलाई नबिर्से मञ्जरी" कथाकै वास्तविक लेखक भएको जनाइएको छ । यसैले यहाँ पूर्वपाठका पात्रका साथै लेखकलाई पनि अन्तर्पाठको रूपमा प्रस्तुत गरिएको देखिन्छ । यस सन्दर्भले कथामा विरोधाभासको स्थिति सिर्जना गरेको छ । पाठमा प्रस्तुत विरोधाभासले द्विचरको भञ्जन गर्दै विकल्पसहित बहुलार्थ सिर्जना गरेको छ । यसरी आफ्नै सिर्जनाका पात्रले असन्तुष्ट भई आक्रमण गरिएको काल्पनिक आख्यानकार वनवासी पात्रको सन्दर्भ यस कथामा अन्तर्पाठका रूपमा आएको छ । आख्यानका पात्रका हमला, गुनासो, आक्रोसका उजुरी हालेको उसले आफ्नो पूर्व लेखनमा कमजोरी स्वीकार्दै अन्य कृतिमा नयाँ तरिकाले लेख्ने बाचा गरेको छ । यसले भित्री तहमा मानिसका कमजोर प्रवृत्तिको उद्घाटन गरी यस सन्दर्भले लेखकीय निरङ्कुशताको अन्त्यमार्फत अन्तर्पाठको निर्माणमा अनुकूलता थपेको देखिन्छ । उसले उपर्युक्त विभिन्न घटनालाई विश्लेषण गरेर अदालतमा गई पात्रमाथिका सबै उजुरी अघि नबढाउन निवेदन दिएको सन्दर्भले लेखकीय समीक्षा आवश्यक देखाइएको छ । मञ्जरीको प्रेममा परेको आख्यानकारले सिक्वेलको रूपमा निकै सोचविचार गरेर पाठकप्रति सचेत हुँदै पात्रलाई स्थापित गर्ने उद्देश्यले नयाँ

उपन्यास "मलाई नबिर्से मञ्जरी" लेखेको छ। कथामा यो सन्दर्भलाई पनि अधिपाठका रूपमा अन्तर्पाठ बनाइएको छ। कथामा सन्दर्भगत अर्थगहनता प्रस्तुत गर्नु यस अन्तर्पाठको उद्देश्य रहेको छ।

**साहित्यिक कृतिका पात्रहरू र सन्दर्भको अन्तर्पाठीयता**

प्रस्तुत कथामा साहित्यका विभिन्न पूर्वपाठ वा रचनासँगको सम्बद्धता रहेका सन्दर्भहरू अन्तर्पाठका रूपमा आएका छन्। "मलाई नबिर्से मञ्जरी" कथामा नेपाली साहित्यकारका पाठसँग सम्बद्ध विषयलाई अन्तर्पाठीयताका रूपमा प्रस्तुत गरिएको छ। समसामयिक वस्तु यथार्थलाई प्रस्तुत गर्नका लागि काल्पनिक आख्यानकार बलराम वनवासीका सुनसान बस्ती र रातमा जून कृतिका पात्रहरूको लेखकप्रतिको विद्रोहमाथि समीक्षा गर्न पुराना र नयाँ लेखकका कृतिका पात्रहरूलाई उभ्याइएको छ। यसमा यथार्थ पाठका विभिन्न पात्रहरू र सन्दर्भ प्रस्तुत गरिएको छ। नेपाली साहित्यका साहित्यकारका नाम, तिनका कृति, विधा, समालोचनात्मक मान्यता, सिद्धान्त, कृतिका अंश, गीतका अंश र सन्दर्भबाट सामग्री लिएर यथार्थ सन्दर्भ मिल्ने गरी अन्तर्पाठ बनाइएको छ। आख्यानकार बलराम वनवासीका कृतिका पात्रले गरेको अराजक क्रियाकलापका बारेमा मदनमणि दीक्षितको माधवी उपन्यासकी नायिका माधवी, विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यासकी पात्र सुम्निमा, पारिजातको शिरीषको फूल उपन्यासकी सकम्बरी, माधव घिमिरेको मालती–मङ्गले गीति नाटकको पात्र मङ्गले, ध.च. गोतामेको घामका पाइलाहरू उपन्यासको पवन, नयनराज पाण्डेको पात्र प्रेमललवा, मञ्जुलको सिद्धिचरण, गोपालप्रसाद रिमालकी आमा पात्र, नीलम कार्की नीहारिकाकी योगमाया, अमर न्यौपानेको सेतो धरतीकी तारा जस्ता पात्रहरू भेला भएर छलफल गर्दै आ–आफ्ना लेखकमाथि टिप्पणी गरेको घटनाले यस कथामा अन्तर्पाठीयता देखिएको छ। यसरी चर्चित कृतिका पात्रको लेखक र पात्रको भूमिका बारेको टिप्पणी, छलफल र सुझाव कथामा अन्तर्पाठका रूपमा रहेको पाइन्छ।

"मलाई नबिर्से मञ्जरी" कथामा लेखक र पात्रबीचको विरोधाभासको स्थितिलाई प्रस्तुत गरिएको छ। लेखकीय विषयको छलफलमा मदनमणि दीक्षितको माधवी उपन्यासकी नायिका माधवीको लेखकसँग पात्र किन रूष्ट हुन्छन् भन्ने सन्दर्भमा यस्तो धारणा रहेको छ : "यो त लेखकहरूको पात्रमाथि अत्याचार हो। तिनीहरूले बिना कारण पात्रहरूलाई गरिब देखाउने, कमजोर बनाउने र आवश्यक नहुँदा पनि सस्तो लोकप्रियताका लागि पात्रहरू मारिदिने गर्छन्। यसले गर्दा पाठकको विश्वसनीयता पात्रहरूले गुमाउँछन्।" (पृ. २५०)। लेखक समाजको सचेत सदस्य भएकाले उसले पात्रका दुःख र दयनीयताभन्दा जीवनको सशक्त मूल्यबोध गर्ने रचना लेख्नुपर्ने पात्रहरूको दृष्टिकोण प्रस्तुत भएको छ। त्यस्तै लेखकले नै पात्रलाई जीवन्त, सन्तुलित र सशक्तता प्रदान गर्ने धारणा विश्वेश्वरप्रसाद कोइरालाको "सुम्निमा" उपन्यासकी नायिका सुम्निमाको रहेको देखिन्छ— "सबै लेखकले पात्रलाई अन्याय गर्छन् भन्ने त होइन तर अहिले अलिक व्यापारिक उद्देश्यका लागि पात्रहरूलाई थिचोमिचो गर्ने चलन बढेको रहेछ।"(पृ.२५१)। यसैगरी शिरीषको फूलकी लोकप्रिय नायिका सकम्बरीले पात्रले सङ्घर्ष र प्रतिकार छोड्नु हुन्न र अन्याय नसही विद्रोही हुनुपर्छ भन्ने विचारसहित रचनाकृतिमा लेखकले पात्रको हत्या गर्नु राम्रो नहुने धारणा प्रकट गरेकी छ। कथामा व्यक्त सकम्बरीको अभिव्यक्ति र शिरीषको फूल उपन्यासमा उसको मृत्युले विपर्यास अवस्थालाई देखिए पनि कुनै पनि पात्रले आफ्नो मृत्यु चाहाँदो रहेनछ भन्ने तथ्य यस अन्तर्पाठीय सन्दर्भले प्रस्ट पारेको छ।

प्रस्तुत कथामा माधवप्रसाद घिमिरेको *मालतीमङ्गले* गीति नाटकको पात्र मङ्गलेलाई उपस्थित गराइएको छ। मालतीलाई बोलाउन आग्रह गर्दा मङ्गलेको यस्तो अभिव्यक्ति साहित्यिक अन्तर्पाठको रूपमा आएको छ :

गीतैले बोलाई दरौँदीलाई मस्र्याङ्दी मिसियो
म केले बोलाऊँ मालतीलाई मुरली खोसियो। (पृ.२५२)।

यस कथामा उक्त गीति अंश पूर्वपाठबाट प्रयोग गरिएकाले अन्तर्पाठका रूपमा देखिएको छ। यस कथामा मङ्गले पात्रको जीवनको विवशतालाई फरक सन्दर्भबाट प्राथमिकीकरण गर्नका लागि उल्लिखित गीति अंशको प्रयोग गरिएको छ। यसमा व्यक्त 'बाँसुरी खोसिनु'ले लाक्षणिक तरिकाले आवाजविहीनताको अर्थ प्रदान गरी अन्तर्पाठीय सन्दर्भलाई अर्थगत गहनता प्रदान गरेको छ। आख्यानकारले पात्रलाई पाठमा जुन रूपमा उतारेको हुन्छ, तिनीहरू सोही रूपमा पाठकमाझ जीवित रहने हुनाले साहित्यिक पाठका कुनै पनि पात्र नराम्रो रूपमा चित्रित हुन चाहान्नन् : "पात्रहरू एकपल्ट जन्मिसकेपछि मर्दैनन् र उमेर परिवर्तन पनि हुँदैन तर बूढा पात्रहरू जहिल्यै बूढा हुन्छन् नि।" (पृ.२५२)। साहित्यिक कृतिका चर्चित पात्रहरूलाई पछिल्ला युगका पाठकले चिन्ने हुनाले लेखकले सकारात्मक बनाएर प्रस्तुत गरियोस् भन्ने चाहना पनि देखिन्छ। त्यस्तै हरेक आख्यानका पात्रका आआफ्नै महत्त्व र विशेषताका छन् भन्ने विषयमा कथामा पुराना र नयाँ लेखकका पात्रहरूको जमघट गराई छलफलबाट लेखकलाई सजग गराउनुबाट कथामा उत्तरआधुनिक चेतना देखिएको छ। लेखकले आख्यानमा पात्रको चयन गर्दा उसको भूमिका, महत्त्व र सम्मान कायम राख्नुपर्ने समालोचकीय दृष्टिकोण पनि अन्तर्पाठका रूपमा प्रस्तुत छ।

आख्यानका पात्रका समूह भेला भएको थाहा पाएपछि लेखकहरूको सङ्गठन बनेको सन्दर्भ प्रस्तुत छ। यसले कथामा लेखक/पात्रको द्विचर भञ्जन गर्न, बहुलार्थ सिर्जना गर्न यो सन्दर्भ ल्याइएको देखिन्छ। यसका साथै लेखकीय अस्तित्व जीवित राख्न पात्रका साथै प्रकाशक र समालोचकको भूमिकासम्बन्धी दृष्टिकोण पनि अन्तर्पाठका रूपमा प्रस्तुत छ। एउटा लेखकले आख्यान कृतिका पात्र चयन कसरी गर्दछ भनेर पात्रसँग प्रत्यक्ष कुराकानी गरिएको सन्दर्भबाट लेखकले प्रयोग गर्ने पात्र पुरै काल्पनिक हुँदैनन् भन्ने निष्कर्ष निकलिएको छ। कृत्रिम मानवले लेखकले जस्तै कसरी साहित्य सिर्जना गर्न सक्दछ भन्ने सन्दर्भले विरोधाभास खडा गरेको छ। लेखक–लेखकबीचको अन्तद्र्वन्द्वसम्बन्धी घटना कथामा विस्तारित हुँदै जाँदा पाठकले अन्त्यमा मात्र लेखकपात्रको सम्बन्धबारे थाहा पाउँछन्। त्यसैले यस अन्तर्पाठीय सन्दर्भले कथामा कौतुहलता पनि प्रदान गरेको छ।

'मलाई नबिर्से मञ्जरी' कथामा वास्तविकता र काल्पनिकताको मिश्रणबाट लेखक र पात्रका सम्बन्धमा भ्रान्ति र द्वन्द्व पनि सिर्जना गरिएको छ। लेखकहरू प्रायः व्यक्ति स्वतन्त्रतामा विश्वास गर्ने भएकाले स्वाभिमानी लेखक हस्तक्षेप मन पराउँदैनन् भन्ने आम स्रष्टाको साझा धारणा हो। यस धारणालाई उल्ट्याउँदै कथामा लेखकीय निरङ्कुशता प्रदर्शन गर्ने लेखकमाथि पात्रहरूले सङ्गठित विरोध गरेको सन्दर्भ छ। लेखक र पात्रबिच द्वन्द्व निकै बढेपछि विभिन्न पाठका पात्रले पनि विरोध जनाएपछि लेखकलाई आफू सच्चिनुपर्ने लागेको बताएको छ। पात्रलाई लेखकले सधैँ मनलाग्दी चित्रण गर्ने, भावनामाथि खेल्ने गरेका कारण अविश्वसनीय बन्दै गएका सन्दर्भहरूका कारण पाठमा साहित्यिक अन्तर्पाठीयता भएको देखिन्छ। यस कथाको मूल विषय नै लेखक र पात्रबिचको द्वन्द्व रहेको सन्दर्भमा कथालाई अधिआख्यानको स्वरूप प्रदान गर्नमा यस अन्तर्पाठको भूमिका रहेको छ। लेखक र पात्रबीचको सम्बन्धमा देखिएको परिवर्तन आख्यानकारले पूर्व कृतिकी पात्र मञ्जरीलाई पुनरावृत्त गरी अर्को उपन्यास 'मलाई नबिर्से मञ्जरी' तयार पारेको सन्दर्भले अन्तर्पाठको स्थिति देखाएको छ। त्यस्तै आख्यानकार आफ्नै पात्र मञ्जरीसँग प्रेममा परेको र मञ्जरीले लेखकप्रति आभार जनाउँदै प्रकट गरेका अभिव्यक्ति तथा वास्तविक लेखक रमेश क्षितिजको 'आर्या, पर्ख आर्या' कथाका पात्र सिद्धार्थ र प्रार्थना शाहको प्रेम प्रसङ्गको उल्लेख

गरिनु पनि यहाँ अन्तर्पाठका रूपमा आएको छ । यस कथामा काल्पनिक आख्यान लेखक र वास्तविक लेखकबीचको भिन्नता जनाउन अन्तर्पाठीयता आएको छ । विवेचित कृतिमा लेखक र पात्रबिचको द्वन्द्वको विषयलाई उत्कर्षमा पु¥याउनमा अन्तर्पाठको भूमिका उल्लेख्य रहेको देखिन्छ । लेखकको प्रत्यक्ष उपस्थितिलाई पात्रले अविश्वसनीय ठानेको अवस्था देखाउनुले साहित्यिक सन्दर्भ नै यहाँ अन्तर्पाठका रूपमा ल्याइए पनि यो कथाको मूल विषय सन्दर्भकै रूपमा आएको छ । यस कथामा लेखकले जहिले पनि पात्रलाई मनलाग्दो चित्रण गर्ने हुनाले ऊ स्वयम् निरङ्कुश हुन्छ भन्ने गूढार्थ प्रस्तुत गरिएको छ । लेखक र पात्रबीचको यही सङ्घर्षलाई नै कथाले मूल विषय बनाएको हुँदा यस "मलाई नबिर्से मञ्जरी" कथामा पूर्वपाठसँग सम्बद्ध सन्दर्भलाई अन्तर्पाठीयताका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत कथाको आख्यानलाई अन्तर्पाठीयताद्वारा प्रयोगपरक बनाउन पूर्व साहित्यिक पाठका पात्र र सन्दर्भ महत्त्वपूर्ण देखिएका छन् ।

प्रस्तुत कथामा पात्रहरू सचेत बनेकाले लेखकीय इसारामा नचल्ने र तिनलाई असहज लाग्ने भारी लेखकले जबर्जस्ती बोकाउन नहुने मान्यता आएको छ । यथार्थवादी साहित्यिक मान्यतालाई भत्काउँदै लेखकमाथि पात्रका हाँक, पूर्वपाठबाट ग्रहण, पात्रगत आवृत्ति, रूपान्तरणका माध्यमबाट विभिन्न लेखक र तिनका कृतिको विषय प्रसङ्गलाई पनि अन्तर्पाठ गरिएको छ । यसरी कृतिकारका नाम, कृतिका अंश र विषयसन्दर्भले कथामा व्यङ्ग्यार्थ र लाक्षणिक अर्थ प्रस्तुत गरेका छन् । समाजमा विद्यमान विभिन्न सङ्गठन, प्रज्ञा–प्रतिष्ठान आदिका सन्दर्भले आफ्नो अर्थ नछोडीकनै कृतिको सन्दर्भगत अर्थलाई नै विस्तार गरेका छन् । तिनले कृतिको अर्थलाई गहन बनाउन, अर्थविस्तार गरी प्रस्तुत सन्दर्भको आवश्यकतानुसार व्यङ्ग्य, स्वैरकल्पनाको प्रस्तुति एवम् यथार्थको विस्तार गरी पाठकीय प्रभावलाई गहन र व्यापक बनाएका छन् । यस्ता अन्तर्पाठहरूले विषयको प्रस्तुतिगत नवीनता ल्याएका हुनाले यस कथालाई प्रयोगपरक बनाउनमा तिनको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**निष्कर्ष**

प्रस्तुत लेखमा 'मलाई नबिर्से मञ्जरी' कथामा अन्तर्पाठीयताका निम्ति पूर्व साहित्यिक पाठका पात्रहरूलाई जीवित रूपमा उतारिएको छ । यसमा साहित्यकारहरूले कृतिमा जन्माएका परम्परित पात्रहरूले लेखकप्रति कस्तो दृष्टिकोण राख्दछन् भन्ने विषय महत्वपूर्ण देखिएको छ । यस कथामा आख्यानमा लेखक र पात्रको द्वन्द्वका विविध अवस्थालाई प्रस्तुत गर्ने क्रममा साहित्यिक पाठका पात्रले लेखकमाथि आक्रमण गर्नु, विवाद, टीका–टिप्पणी, आलोचना र सुझावका सन्दर्भ अन्तर्पाठीयताको रूपमा प्रयोग गरिएको छ । माधवी, सुम्निमा, सकमबरी, मङ्गलेलगायतका नेपाली आख्यानका प्रमुख पात्रहरूलाई लेखकसँगको संवादमा प्रत्यक्ष सहभागी गराइएकाले यसमा पूर्वपाठका पात्रहरूका सन्दर्भ अन्तर्पाठीयताको विषय बनेको छ । यस्तै काल्पनिक आख्यानकारद्वारा रचित कृतिका आलोक, मञ्जरी, बूढी, अनुपमलगायतका पात्रहरूको सशक्त उपस्थितिले कथामा अन्तर्पाठीय आख्यानको पृष्ठाधार तयार भएको छ । यसरी अन्तर्पाठका रूपमा प्रयोग गरिएका पात्र र सन्दर्भले कथामा परम्परित लेखकीय केन्द्रमाथि संशय गर्दै लेखक–पात्र, लेखक–पाठक तथा काल्पनिक–वास्तविक लेखक र पात्रका द्विचरविरोधको भञ्जन भएको छ । विज्ञान–प्रविधिको तीव्र विकासले लेखकीय अस्तित्वमाथि हस्तक्षेप गर्न थालेको बेला लेखकले आफ्नो मनोमानी लादेर पात्रको स्वतन्त्रतालाई हरण गर्दै लेखेको साहित्य मान्य नसक्ने पात्रगत धारणा प्रस्तुत भएको छ । कथामा अधिआख्यानको प्रयोग, आख्यानका पात्रलाई जीवित रूपमा उभ्याएर छलफल गराउनु स्वैरकल्पना र यथार्थको मिश्रणको अन्तर्पाठीता हो । यसले कथालेखनमा परम्परित द्विचरका साथै केन्द्रभञ्जन गर्दै अर्थबहुलताका सिर्जना गरेको छ ।

अतः 'मलाई नबिर्से मञ्जरी' विभिन्न समकालीन युगीन सन्दर्भलाई प्रस्तुत गर्न साहित्यिक अन्तर्पाठका प्रयोग गरिएको विनिर्मित कथा बनेको निष्कर्ष रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४), सङ्क्षिप्त साहित्यिक शब्दकोश, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

क्षितिज, रमेश (२०८१), एउटा मायी नगरमा, बुक हिल ।

गौतम, कृष्ण (२०५९), आधुनिक आलोचना : अनेक रूप अनेक पठन (दोस्रो संस्क.), साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६४), 'समालोचनामा अन्तर्पाठीयताको अवधारणा', भृकुटी, १/१, भृकुटी पब्लिकेशन, पृ. ९—१६ ।

गौतम, लक्ष्मणप्रसाद (२०७०), 'विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन', आख्यानकार विश्वेश्वरप्रसाद कोइराला पुनर्पाठ, भाउपन्थी (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ३३३—३७९ ।

रेग्मी, अनुपमा (२०८०), 'अप्रिय उपन्यासको अन्तर्पाठीय अध्ययन', प्रज्ञा, ११९, पृ. ३२—४५ ।

Allen, Graham (2007). *Intertextuality* (Indian Reprint). Routledge.

Genette, Jerard (1997). *Palimpsests : Literature in the Second Degree*. Traslated by Channa Newman and Claude Doubinsky. University of Nebraska Press.

Hawthron, Jeremy (2011). *A Glossary of Contemporary Literary Theory*. Heritage Publishers.

Tjupa, Valerij (2009). Heteroglossia. In *Handbook of Narratology*. Peter Huhn, John Pier, Wolf Schmid, Jorg Schonert (Eds). Walter de Gruyter